बैठक नं. ५

आज मिति २०७९ असार ९ गते, बिहीबार दिनको ४:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. सदस्य सचिव श्री कृष्ण गिरी

**विषयहरु :**

**१. नगर सभा बारे ।**

**२. विविध ।**

**निर्णयहरुः**

**१. भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को लागि २ अर्ब, १८ करोड, ४२ लाख ४२ हजारको अनुमानित आय व्यय (बजेट), भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०७९ तथा भक्तपुर नगरपालिकाको विनियोजन विधेयक २०७९ बैठकले स्वीकृत गरी नगरसभामा पारित गर्न पेश गर्ने निर्णय गरियो ।**

**२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क. मिति २०७९।३।९ गतेको बसेको मूल्यांकन समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

**निर्णय नं. १**

भ.न.पा. वडा नं. ८ स्थित फोहोरमैला प्रशोधन केन्द्र सुचारु गर्न सामान तथा कच्चा पदार्थ खरिद कार्य अन्तर्गत Procurement of Mini Roller (ठेक्का नं. bktmun/goods/02/078/079/G7RE) को लागि म्यादभित्र प्राप्त भएको ३ (तीन)वटा बोलपत्रदाताहरुको प्रस्तावहरुको मेकानिकल प्राविधिकको प्रतिवेदनमा Specification अनुसार Mini Roller को cooling system water or oil cooled हुनुपर्नेमाIME Automobile Pvt. Ltd. को Roller मा Air cooled भएको तर MAW Earth Movers Pvt.Ltd., Dhobighat, Lalitpur को cooling system water or oil cooled नै भएको र न्यूनतम कबोल अङ्क रु.२२,००,०००।०० (बाइस लाख रुपैयाँमात्र) भएकोले श्री MAW Earth Movers Pvt.Ltd., Dhobighat, Lalitpur को Technical र आर्थिक प्रस्ताव सारभूतरुपमा प्रभावकारी देखिएकोले सो बोलपत्रदाताको प्रस्ताव स्वीकृतिका लागि नगर कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**ख निर्माण समिति**

**मिति २०७९।३।९ गतेको निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :**

| क्र.सं | योजनाका विवरण | वडा नं | बजेट | ल.ई.रकम | रिभाइज ल.ई. | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याकन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | भक्तपुर नपा भवन अगाडिको बाटोमा ढुंगा छपाई कार्य | २ | बागमती प्रदेश सांसद कोष | १,१६६,३९४।३९ | | ३५०,०००।०० | ९९९,८८७।५५ | ६४९,८८७।५५ | १,०८०,४२६।२६ | सम्पन्न | रामभक्त कोजू | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | भक्तपुर नपा भवनको उत्तरतर्फको परिसरमाको बाटोमा ढुंा छपाई कार्य | २ | नपा | २,००४,७४०।३५ | | ६५०,०००।०० | १,४१३,९५०।०० | १,४२६,५३६।०४ | २,५२५,७७७।३४ | आंशिक सम्पन्न | न्हुछेराम कोजू | |
| ३ | सुधारिएको शवदाह निर्माण कार्य | ७ | नपा | ५,७५७,४३३।५७ | | १,९००,०००।०० | ३,५७८,५०६।०० | १,४२६,५३६।०४ | ३,६६७,५११।१४ | आंशिक सम्पन्न | कृष्ण गोविन्द लाखाजू | |
| ४ | नपुखुको पश्चिमतिर पार्किंग व्यवस्थापन गर्ने कार्य | १ | बाग्मती प्रदेश सांसद कोष | १,१०१,५८८।७२ | | ३५०,०००।०० | ५६२,८८०।०० | २१२,८८०।०० | ५७२,९८६।१९ | आंशिक सम्पन्न | राम गोपाल बमनु | |

**ग. महिला बालबालिका तथा समाज कल्याण समितिको निम्न निर्णय अनुमोदन गरियो :**

**१. भ.न.पा. वडा नं. १० कमलविनायक आवास क्षेत्रमा निर्मित बाल उद्यान बालमैत्री बनाउनका निम्ति सःशर्त बजेट अन्तर्गत प्राप्त हुने रकम खर्च गर्ने निर्णय गरियो ।**

**घ. यस नगरपालिकाको आ.व. ०७९/८० को लागि अनुमानित बजेट ७,३६,००,०००।- (अक्षेरुपी रु. सात करोड छत्तीस लाख) बराबरको मालसामानको वार्षिक खरिद योजना बैठकबाट स्वीकृत गरी नगरसभा पारित गर्न पेश गर्ने निर्णय गरियो ।**